नेपाल सरकार

# गृह मन्त्रालय

(.........व्यवस्थापन महाशाखा.........शाखा)

फोन नं.०१-४२११२३१

पत्र संख्या :- ०७१/०७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ११८५

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति:-...२०७२/०२/२८...

विषय :- **निर्णयको प्रतिलिपि पठाइएको ।**

श्रीमान् सचिव ज्यू,
वाणिज्य तथा आपूर्ति मन्त्रालय/कृषि विकास मन्त्रालय/अर्थ मन्त्रालय/सहरी विकास मन्त्रालय/परराष्ट्र मन्त्रालय/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

श्रीमान् महानिर्देशकज्यू,
भन्सार विभाग ।

मिति २०७२।०२।२७ का दिन बसेको दैवी प्रकोप उद्धार तथा राहत सामाग्रीमा लाग्ने महशुल छूट सम्बन्धी कार्यविधि, २०७२ को दफा ४(२) अनुसारको समितिको बैठकबाट भएको निर्णयको फोटोकपि पाना -३ आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(विनोद के.सी.)
सह-सचिव

**बोधार्थ तथा कार्यार्थ :**

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय - अवतार्थ अनुरोध ।
श्री दामोदर रेग्मी, उपमहानिर्देशक, भन्सार विभाग ।
श्री जीवराज कोइराला, सह सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री भूपाल बराल, प्रमूख भन्सार प्रशासक, त्रि.वि. भन्सार कार्यालय ।
श्री विपद् व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।
श्री राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC), गृह मन्त्रालय ।
श्री नेपाली सेना, ११ नं. बाहिनी, त्रि.अ.वि., गौचर ।

श्री NEOC

D:\official letter\२०७१ सालका पत्रहरु.docx

आज मिति २०७२ साल जेठ २७ गते बुधवारका दिन देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नेपाल सरकार(मन्त्रीपरिषद्) बाट मिति २०७२।२।२२ मा स्वीकृत दैवी प्रकोप उद्धार तथा राहत सामाग्रीमा लाग्ने महशूल छूट सम्बन्धि कार्यविधि २०७२ को दफा ४(२) अनुसारको समितिको वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

## निर्णयहरु :

१. दैवी प्रकोप उद्धार तथा राहत सामाग्रीमा लाग्ने महशूल छूट सम्बन्धि कार्यविधि २०७२ को दफा ४(६) अनुसार राहत सामाग्री मध्ये औषधीजन्य (उपकरण समेत) राहत सामाग्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा भन्सार कार्यालयले जाँचपास गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिले बुझिलिने र निजले सो को अभिलेख केन्द्रीय वेयर हाउसमा समेत पठाउने ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत संचालित गोदाम,

२. कार्यविधि, २०७२ ले केन्द्रीय वेयर हाउस मात्र उल्लेख गरेकोले केन्द्रीय वेयर हाउस भन्नाले त्रि.अ.वि. हाता भित्रको HSA मा रहेको वेयर हाउस, क्षेत्रीय रुपमा खोलिएका NEOC मातहतका क्षेत्रीय भण्डारण गृह, भन्सार विन्दुमा रहेका जिल्ला प्रशासन कार्यालयहरु, सुख्खा बन्दरगाह र औषधि तथा औषधिजन्य सामानको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको गोदामलाई समेत जनाउने छ ।

३. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।१।१७ को निर्णयानुसार नेपाल सरकार(गृह मन्त्रीस्तर) को मिति २०७२।०२।०३ गतेको निर्णयबाट स्वीकृत भएको राहत सामाग्रीको सूचीमा नपरेका राहत भनी आएका सामाग्रीहरु नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायको नाममा आएमा वा कुनै व्यक्ति वा संस्थाको नाममा आएमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्ता सामाग्री नेपाल सरकारलाई हस्तान्तरण गर्न चाहेमा त्यस्ता सामाग्रीलाई राहत सामाग्री नै मानी केन्द्रीय वेयर हाउसमा जम्मा हुनेगरी व्यवस्था मिलाउने र भन्सार विभागका महानिर्देशकले सम्बद्ध भन्सार कार्यालयबाटै राजस्व छूटको सुविधा पाउनेगरी आवश्यक व्यवस्था मिलाउने ।

४. केन्द्रीय वेयर हाउसमा प्राप्त हुन आएका तत्काल म्याद सकिने खालका सामाग्रीहरु (जस्तै : खाद्यान्न, सुख्खा खाना आदी) भूकम्प पीडित जिल्लाहरुमा आवश्यकता हेरी वितरणको व्यवस्था सम्बन्धित वेयर हाउसले मिलाउने ।

५. नेपालीहरुले संवेदनशील ठानी खान अयोग्य बस्तुहरु प्राप्त भएको देखिएमा तथा धुल्याउनु पर्ने पुराना लुगाफाटा लगायतका सामाग्रीहरको सूची बनाई तत्कालै सो सामान जुन अवस्थामा जहाँ रहेको छ कानून बमोजिम तत् तत् निकायले नष्ट गर्ने व्यवस्था मिलाउने ।

६. त्रि.अ. विमास्थल क्षेत्र, भन्सार कार्यालय, कार्गो, गोदाम तथा पारवहन लगायत क्षेत्रमा रहेका सामाग्रीहरु को कसको हो, पहिचान हुन नसकी अलपत्र र वेवारिसे भएका सामाग्रीहरु त्रि.अ.वि.मा रहेको उद्धार एवं राहत सामाग्री व्यवस्थापन टोलीबाट निर्णय गरी नेपाल सरकारको केन्द्रीय वेयर हाउसमा जम्मा गर्ने ।

७. २०७२ साल असार ७ गते पछडि कुनै पनि प्रकारका राहत सामग्रीहरु स्वीकार नगरिने हुँदा विदेशस्थित नेपाली नियोगहरुमा र नेपालस्थित विदेशी नियोगहरुमा परराष्ट्र मन्त्रालयले सूचना जारी गर्ने तथा भन्सार महशुल छूट नहुने व्यहोराको सूचना अर्थ मन्त्रालयले सबैको जानकारीको लागि प्रकाशन गर्ने ।

८. मिति २०७२/०१/१२ को नेपाल सरकार(म.प.) को निर्णयानुसार गठित समिति/टोलीको संयोजक गृह मन्त्रालयका सह सचिव श्री सागरमणी पराजुली रहनुभएकोमा निजको सट्टामा संयोजकको रुपमा गृह मन्त्रालयका सह सचिव श्री विनोद के.सी. लाई तोकिएको हुँदा समिति/टोलीलाई साविक बमोजिम कामकाज गर्न निर्देशन दिने ।

९. राहत सामाग्रीको रुपमा आउने एउटै Consignment मा मिति २०७२/०२/०३ को निर्णयानुसार सूचीकृत भएका र नभएका राहत सामाग्रीहरु रहे भएमा प्राथमिकिकरण सूचीमा रहेका तथा नरहेका सबै राहत सामाग्रीहरु केन्द्रीय वेयर हाउसमा बुझाउने गरी मात्र राजस्व छूटमा जाँचपास गर्ने गराउने ।

१०. राहत सामाग्रीहरु नेपाल सरकारले आग्रह गरेमा मात्र आयात गर्न संयुक्त राष्ट्र संघीय निकायहरु तथा राहत संस्थाका रुपमा सक्रिय मानवीय क्षेत्रमा क्रियाशील संघ-संस्थाहरुलाई अनुरोध गर्ने र बस्तु तथा सेवा नेपालमा प्राप्त भएसम्म नेपाल मै खरिद गर्न प्राथमिकता दिन समेत परराष्ट्र मन्त्रालय मार्फत अनुरोध गर्ने ।

११. कार्यविधिको दफा ४(५) बमोजिम "मानविय तथा राहत संस्था" का रुपमा राजस्व छूटका लागि परराष्ट्र मन्त्रालयबाट सिफारिस भईआएका संस्थाका हकमा परराष्ट्र मन्त्रालयको सिफारिसका आधारमा नेपाल सरकारबाट सूचीकृत भएका तथा नभएका सामाग्रीहरुमा राजस्व छूट दिई जाँचपास गर्ने गराउने ।